जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १८६ पृष्ठ: ४ **२०८३ कार्तिक ३० सोमबार** (Monday 16 Nov. 2026) **मूल्य रु. ५।-** *इमेल :* mgnd2070@gmail.com

छठमा मधेश झरे शीर्ष नेता

रवि, गगन र कुलमान धार्मिक कार्यक्रममा सहभागी, नेताहरूको भ्रमणलाई धार्मिक आस्थासँगै राजनीतिक दृष्टिले पनि हेरियो

सिरहा, २९ कार्तिक। छठ पर्वका अवसरमा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू मधेशका विभिन्न जिल्लामा पुगेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने, नेपाली कांग्रेसका सभापति गगन थापा र उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ छठका धार्मिक कार्यक्रममा सहभागी भएका हुन्।









रास्वपा सभापति लामिछाने पत्नी निकिता पौडेलसहित शनिबार जनकपुरधाम पुगेका थिए। आइतबार उनले जनकपुरस्थित गंगासागर पोखरीमा आयोजित धार्मिक अनुष्ठान तथा पूजाअर्चनामा सहभागिता जनाए। लामिछाने दम्पतीले गंगासागर घाटमा अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै छठी माताको पूजा गरेका थिए। खरना पूजाका क्रममा उनलाई रास्वपाका सांसद मनिष झा र पुरुषोत्तम यादवले पनि साथ दिएका थिए।

जनकपुरधाम पुगेका लामिछाने आइतबार बिहान महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ र जलेश्वरनाथ महादेव मन्दिरमा समेत दर्शन तथा पूजापाठ गर्न पुगेका थिए। मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले उनलाई स्वागत गरेका थिए। धार्मिकस्थलको भ्रमणका क्रममा लामिछानेले कुनै सार्वजनिक मन्तव्य भने दिएनन्।

यसैगरी, प्रतिनिधिसभाका सभामुख डिपी अर्याल छठ पर्वका दिन बाराको सिमरा पुगेका थिए। सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै उनले जातजाति, भाषा, धर्म तथा हिमाल, पहाड र तराईका नागरिकबीचको आपसी सद्भाव र सहअस्तित्व नेपालको विशिष्ट पहिचान भएको बताए।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति गगन थापा पनि आइतबार छठ पर्वका अवसरमा सर्लाही पुगेका छन्। सिमरा विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले छठले सबै नेपालीलाई सकारात्मक सोचका साथ अघि बढ्न प्रेरणा दिने विश्वास व्यक्त गरे।

'छठले सबै नेपालीलाई सकारात्मक हुने प्रेरणा मिलोस्। यति धेरै नकारात्मकताले नेपाली समाज चल्न सक्दैन। त्यसैले नेपाललाई सकारात्मकता चाहिएको छ,' उनले भने।

गत निर्वाचनमा सर्लाही-४ बाट उम्मेदवार बनेका थापा आइतबार दिनभर सर्लाहीका विभिन्न कार्यक्रममा सहभागी हुने कार्यक्रम रहेको उनको सचिवालयले जनाएको छ। पत्नी डा. अञ्जना केसी थापासहित मधेश आएका उनी वीरगन्जस्थित घडिअर्वा घाटमा समेत पूजापाठ गर्ने कार्यक्रममा सहभागी हुने जनाइएको छ। स्थानीयसँग अनौपचारिक संवाद, पार्टीका कार्यकर्तासँग भेटघाट तथा पिपरामा आयोजित प्रदीप गिरी फेलोसिप शुभारम्भ कार्यक्रममा सहभागी हुने कार्यक्रम पनि उनको सचिवालयले सार्वजनिक गरेको छ।

उता, उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले सिरहा

-बाँकी तीन पेजमा

गोलबजार उद्योग व्यापार संघको निर्वाचन :

दुई प्यानलका फरक-फरक प्रतिबद्धता सार्वजनिक





गोलबजार, २८ कार्तिक। उद्योग व्यापार संघ गोलबजारको आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि प्रतिस्पर्धामा रहेका महेश साह (कोक्वा) र राकेशप्रसाद साह (गुप्ता) प्यानलले आ-आफ्ना प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन्। दुवै प्यानलले व्यवसायीको हकहित संरक्षण, बजार व्यवस्थापन, पूर्वाधार विकास र संघको संस्थागत सुधारलाई प्राथमिकतामा राखेका छन्।

महेश साह (कोक्वा) प्यानलले सार्वजनिक गरेको १४ बुँदे प्रतिबद्धतापत्रमा मुख्य राजमार्ग क्षेत्रमा लाग्ने बजार व्यवस्थापन, व्यापार संघका लागि पार्किङस्थलको व्यवस्था तथा मिनी मार्केटमा ग्राहक र सर्वसाधारणको सहज पहुँच हुने गरी शौचालय निर्माण गर्ने योजना समेटिएको छ। गोलबजारको धार्मिक तथा ऐतिहासिक महत्व बोकेको धमिनी मन्दिरको संरक्षण, संवर्द्धन र पूर्वाधार विकासका लागि सरकार तथा सरोकारवाला निकायसँग समन्वय गर्ने पनि प्यानलले जनाएको छ।

शैक्षिक क्षेत्रअन्तर्गत गोलबजार क्षेत्रबाट एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने दुई जना विद्यार्थीलाई जनही २१ हजार रुपैयाँसहित सम्मान गर्ने प्रतिबद्धता गरिएको छ। त्यस्तै, व्यवसायीलाई कर प्रणाली, व्यवसाय दर्ता, नवीकरण तथा सरकारी नीतिनियमबारे जानकारी दिन निःशुल्क अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने योजना अघि सारिएको छ।

प्यानलले गाउँब्लक जग्गाको लालपुर्जा समस्या समाधानका लागि मालपोत कार्यालयसँग समन्वय गर्ने, व्यवसायीका गुनासा सम्बोधन गर्न संयन्त्र निर्माण गर्ने तथा व्यवसायिक प्रतिष्ठानमा हुने चोरी र अन्य जोखिम न्यूनीकरणका लागि प्रहरी प्रशासन र स्थानीय सरकारसँग सहकार्य गर्ने जनाएको छ।

कर, विद्युत्, सडक, ढल, खानेपानी तथा सरकारी सेवा प्रवाहसँग सम्बन्धित व्यवसायीका समस्या समाधानका लागि सम्बन्धित निकायमा संस्थागत

-बाँकी अन्तिम पेजमा

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

सरकारमाथि प्रश्न उठ्नु लोकतन्त्रको स्वाभाविक अभ्यास

लोकतान्त्रिक व्यवस्थामा सरकारको कामकारबाहीमाथि प्रश्न उठ्नु अस्वाभाविक होइन। बरु प्रश्न, आलोचना र खबरदारीले नै सरकारलाई जिम्मेवार बनाउँछ। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकी महामन्त्री डा. डिला संग्रौलाले वर्तमान सरकार बिचौलियाको प्रभावमा चलेको आरोप लगाउँदै उठाएका विषयले सुशासन, पारदर्शिता र राजनीतिक जवाफदेहिताको बहसलाई पुनः सतहमा ल्याएको छ। सिरहाको लहानमा आयोजित पत्रकार भेटघाटमा उनले बिचौलियाको आरोपमा पक्राउ परेका इनम सापकोटाको मोबाइल प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारको हातमा पुगेको र केही प्रमाण मेटाइएको भनिएको घटनाको निष्पक्ष छानबिन हुनुपर्ने माग गरेकी छन्। यो आरोपको सत्यता सम्बन्धित निकायको अनुसन्धानबाटै पुष्टि हुनुपर्छ। तर यस्ता गम्भीर प्रश्न उठिसकेपछि सरकारले तिनलाई बेवास्ता गर्नु हुँदैन।

राज्य सञ्चालनमा बिचौलियाको प्रभाव बढ्नु लोकतन्त्र र सुशासन दुवैका लागि चिन्ताको विषय हो। राजनीतिक पहुँच र आर्थिक स्वार्थका आधारमा निर्णय प्रभावित हुने अवस्था बनेमा राज्यका संस्था कमजोर हुन्छन्। सार्वजनिक पदमा रहेका व्यक्तिहरूको जिम्मेवारी, निर्णय प्रक्रिया र सम्पर्क सम्बन्ध पारदर्शी हुनुपर्छ। कुनै पनि आरोप लाग्दैमा व्यक्ति दोषी ठहरिँदैन, तर आरोपको निष्पक्ष छानबिन हुन नदिनु वा प्रमाण नष्ट भएको आशंका उत्पन्न हुनु झन् गम्भीर विषय हो। त्यसैले मोबाइलसम्बन्धी प्रकरणमा निष्पक्ष अनुसन्धान, प्रमाणको सुरक्षा र संलग्न भनिएका सबै पक्षको भूमिकाबारे स्पष्ट जानकारी सार्वजनिक गरिनुपर्छ। अनुसन्धान राजनीतिक दबाब र प्रभावबाट मुक्त हुनुपर्छ।

महामन्त्री संग्रौलाले प्रेस र नेपाली कांग्रेसलाई विभिन्न मुद्दामा फसाउने षड्यन्त्र भइरहेको दाबी पनि गरेकी छन्। लोकतन्त्रमा प्रेस स्वतन्त्रता र प्रतिपक्षको भूमिका एकअर्काका पूरक हुन्। सञ्चारमाध्यमले सरकारका कमजोरी उजागर गर्न पाउनुपर्छ भने प्रतिपक्षले नीतिगत तथा राजनीतिक प्रश्न उठाउन पाउनुपर्छ। आलोचनालाई प्रतिशोधको आधार बनाउने प्रवृत्ति लोकतान्त्रिक संस्कारविपरीत हुन्छ। त्यस्तै, राजनीतिक दलले पनि आलोचनाका नाममा निराधार आरोप लगाउने होइन, तथ्य र प्रमाणका आधारमा सरकारलाई जवाफदेही बनाउनुपर्छ। सरकार र प्रतिपक्ष दुवैको व्यवहार लोकतान्त्रिक मर्यादाभित्र रहनु आवश्यक छ।

२०४६ सालपछि सार्वजनिक ओहदामा पुगेका सबैको सम्पत्ति छानबिन हुनुपर्ने संग्रौलाको भनाइ पनि महत्वपूर्ण छ। सार्वजनिक पद व्यक्तिगत सम्पत्ति आर्जन गर्ने माध्यम होइन, जनताको विश्वास र जिम्मेवारी हो। भ्रष्टाचार नियन्त्रणमा निष्पक्षता कायम गर्न राजनीतिक दल, प्रशासनिक नेतृत्व र सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति तथा आयस्रोतको कानुनसम्मत परीक्षण आवश्यक छ। तर यस्तो छानबिन कुनै दल वा व्यक्तिलाई लक्षित गरेर होइन, स्पष्ट कानुनी आधार, समान मापदण्ड र प्रमाणका आधारमा हुनुपर्छ। छानबिनको प्रक्रिया पारदर्शी र परिणाम विश्वसनीय भए मात्र जनतामा राज्यप्रतिको भरोसा बढ्छ। संग्रौलाले मधेशका समस्या समाधानका लागि कांग्रेसले श्वेतपत्र जारी गरी योजनाबद्ध रूपमा काम गर्ने बताएकी छन्। यो प्रतिबद्धता मधेशका नागरिकका लागि चासोको विषय हो। मधेश लामो समयदेखि कृषि, सिँचाइ, शिक्षा, स्वास्थ्य, रोजगारी, खानेपानी, सडक, बाढी तथा डुबान र सीमावर्ती क्षेत्रका समस्यासँग जुधिरहेको छ। सिरहासहितका जिल्लामा किसानले मल, बीउ, सिँचाइ र उत्पादनको उचित मूल्यका लागि संघर्ष गर्नुपरेको छ। युवाको ठूलो हिस्सा रोजगारी र अवसरको खोजीमा विदेशिन बाध्य छ। सरकारी विद्यालय र स्वास्थ्य संस्थाको सेवा गुणस्तर सुधारको आवश्यकता पनि उत्तिकै छ। यस्ता समस्या निर्वाचनका बेला भाषण गर्ने विषय मात्र बन्नु हुँदैन।

मधेशलाई हेर्ने दृष्टिकोण फेरिएको र मधेश जागरुक नभई देश जाग्न नसक्ने संग्रौलाको अभिव्यक्तिलाई व्यवहारमा उतार्न कांग्रेसले आफ्ना नीति र कार्यक्रम स्पष्ट पार्नुपर्छ। श्वेतपत्र जारी गर्नु सकारात्मक सुरुवात हुन सक्छ, तर त्यसमा समस्याको सूची मात्र होइन, समाधानको प्राथमिकता, बजेटको स्रोत, कार्यान्वयनको समयसीमा र जिम्मेवार निकायसमेत उल्लेख हुनुपर्छ। मधेशका नागरिकलाई विकासका लाभग्राही मात्र नभई नीति निर्माण र निर्णय प्रक्रियाका सक्रिय सहभागी बनाउनु आवश्यक छ। कांग्रेसभित्र देखिएको समानान्तर गतिविधि र असन्तुष्ट नेताहरूको विषयले पनि पार्टीको आन्तरिक लोकतन्त्रको परीक्षा लिइरहेको छ। संवादमार्फत असन्तुष्टि सम्बोधन गर्ने संग्रौलाको भनाइ सकारात्मक छ। राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्श बोकेको पार्टीले आफ्नै संगठनभित्र संवाद, सहमति र विधिको अभ्यास गर्न सके मात्र बाहिर लोकतान्त्रिक संस्कारको उदाहरण प्रस्तुत गर्न सक्छ। महाधिवेशनका बाँकी प्रक्रिया समयमै र निष्पक्ष रूपमा सम्पन्न गर्नु पनि नेतृत्वको जिम्मेवारी हो।

अन्ततः सरकारमाथि उठेका आरोपको निष्पक्ष छानबिन, सार्वजनिक पदाधिकारीको सम्पत्ति परीक्षण, प्रेस स्वतन्त्रताको संरक्षण र मधेशका समस्याको योजनाबद्ध समाधान सबै लोकतान्त्रिक जवाफदेहिताका विषय हुन्। कांग्रेसले प्रतिपक्षको भूमिका प्रभावकारी बनाउनुपर्छ भने सरकारले आलोचनालाई शत्रुता ठान्ने प्रवृत्ति त्याग्नुपर्छ। जनताले आरोप–प्रत्यारोप होइन, सत्यतथ्य, सुशासन र परिणाम खोजिरहेका छन्। लोकतन्त्रको वास्तविक शक्ति यही जनअपेक्षा पूरा गर्ने राजनीतिक इमानदारीमा निहित छ।

जातीय विभेदले पढाइ रोक्यो, गरिबीले खोस्दैछ छात्रवृत्ति

सिरहाका श्रवण मरिक डोमले कृषि जेटीए अध्ययनका लागि पूर्ण छात्रवृत्ति पाए पनि बस्ने कोठा, खाना र शैक्षिक सामग्रीको व्यवस्था गर्न सकेका छैनन्। बाल्यकालमै जातीय विभेदका कारण विद्यालय छाड्न बाध्य भएका उनी अहिले फेरि गरिबी र आवासको अभावसँग जुधिरहेका छन्।



राजेश विद्रोही

छात्रवृत्तिमा नाम निकाल्नु एउटा विद्यार्थीका लागि जीवनभरका सबै सपना पूरा हुनु होइन। तर, समाजमा अभावले कष्टकर जीवन भोग्न बाध्य र अक्षरज्ञानबाट समेत टाढा पारिएको समुदायका लागि यो अवसर ठूलो वरदान हो। त्यही अवसर सामान्य खानपान, बसोबास र कापीकलमको जोहो गर्न नसकेर गुम्ने अवस्था आयो भने कस्तो पीडा होला! सिरहाका श्रवण मरिक डोम अहिले यस्तै परिस्थितिबाट गुज्रिरहेका छन्।

उनी छात्रवृत्तिमा नाम निकाल्न सफल भए, तर त्यही खुसीसँगै अर्को ठूलो सङ्कट थपिएको छ। चारवर्षे डिप्लोमा इन एग्रिकल्चर (कृषि जेटीए) अध्ययनका लागि उनले चितवनस्थित कलेजमा पुगेर फाराम भरे र परीक्षा दिए। छात्रवृत्तिमा नाम निकाल्न सफल भएपछि उनलाई महोत्तरीको बर्दिबासस्थित निर्मल लामा बहुप्राविधिक शिक्षालयमा अध्ययनका लागि सिफारिस गरियो। केही महिनादेखि उनले त्यहाँ पढ्ने अवसर त पाएका छन्, तर बस्ने कोठा, खाने खर्च र कापीकितावको व्यवस्था गर्न नसक्दा उनको पढाइ नै अन्योलमा परेको छ।

किनभने, यतिबेला श्रवणका लागि शिक्षा निःशुल्क छ, तर आधारभूत जीवनयापन सशुल्क। कलेज शुल्क तिर्नु नपरे पनि विद्यार्थीलाई खाना चाहिन्छ, बस्ने ठाउँ चाहिन्छ, किताबकापी र दैनिक आवतजावतको खर्च चाहिन्छ। यी आधारभूत आवश्यकता पूरा गर्न नसक्दा श्रवणले छात्रवृत्तिमा पाएको अवसरसमेत गुमाउनुपर्ने अवस्था आएको छ।

गरिबीका कारण पढाइ रोक्नुपर्ने समस्या नेपालमा नयाँ होइन। तर, श्रवणको जीवनमा यससँगै जातीय विभेदको अर्को अदृश्य पर्खाल पनि जोडिएको छ। बर्दिबासमा आफू डोम समुदायको भएको थाहा पाएपछि घरभाडामा बस्न नदिइने हो कि भन्ने डर उनलाई छ। किनभने, यसअघि पनि उनले यस्ता समस्या धेरै भोगेका छन्।

यो डर कुनै काल्पनिक आशङ्का मात्र होइन। बाल्यकालदेखि आफ्नै आँखाअगाडि बाआमा र आफूले भोगेको जातीय अपमान तथा बहिष्करणले उनको मनमा गहिरो चोट छ। सिरहाको एउटा निजी विद्यालयमा कक्षा सातसम्म पढ्दा जातकै कारण विद्यालय छाड्नुपरेको उनको पीडादायी अनुभव छ।

श्रवणको जातीय पहिचानका कारण अन्य विद्यार्थीका अभिभावकले आफ्ना छोराछोरीलाई विद्यालयमा नराख्ने दबाब दिएपछि विद्यालयले उनलाई पढाइमा निरन्तरता दिन चाहेन। विद्यालयको व्यावसायिक हित र सामाजिक पूर्वाग्रहका अगाडि एउटा बालकको पढ्न पाउने अधिकार कमजोर बनाइयो।

त्यसपछि उनी दिदीले काम गर्ने ठाउँ विराटनगर पुगे। त्यहाँको श्री राधाकृष्ण भूपालमानसिंह कार्की विद्यालयबाट एसएलसी उत्तीर्ण गरे। त्यसपछि विराटनगरकै शिक्षादीप कलेजबाट कक्षा १२ पूरा गरे। कोशीपूर्वको सामाजिक वातावरणमा तुलनात्मक रूपमा जातीय विभेद कम महसुस गरे पनि डोम समुदायको परिचय खुल्दा मानिसहरूको व्यवहारमा देखिने हिचकिचाहट उनले त्यहाँ पनि अनुभव गरे। विद्यालय र ठाउँ बदलिए, तर जातीय पहिचानले उनलाई पछ्याउन छाडेन।

श्रवण तीन दाजुभाइमध्ये जेठा हुन्। उनका दुई भाइले आर्थिक अभाव, जातीय विभेद र पारिवारिक जिम्मेवारीका कारण पढाइलाई निरन्तरता दिन सकेनन्। उनीहरू अहिले घरव्यवहारमा बुबाआमालाई सघाइरहेका छन्। उनका बुबा मोहन डोमको परिवारको आर्थिक अवस्था पनि अत्यन्त कमजोर छ। कुनै समय उनका बुबाका चार दाजुभाइका परिवार एउटै ६ धुर जग्गामा गुजारा चलाउँथे। यादव समुदायको बाहुल्य रहेको बस्तीमा उनीहरूको परिवार कमला नदी आसपासबाट आएर बसेको हो।

समयक्रममा बसोबासको समस्या बढ्दै गएपछि चार दाजुभाइमध्ये एक जना सिरहाकै छोटकीटोल र अर्का मैसोथा गाउँमा बसाइँ सर्न बाध्य भए। मोहन डोम भने पुरानै ठाउँमा छन्। ६ धुर जमिनमा चार दाजुभाइका परिवारले जीवन गुजारेको इतिहास आफैंमा गरिबी र भूमिहीनताको एउटा चित्र हो। यस्तो पारिवारिक पृष्ठभूमिबाट आएको विद्यार्थीले प्राविधिक शिक्षामा छात्रवृत्ति पाउनु सामान्य उपलब्धि होइन। कृषि प्राविधिक शिक्षा पूरा गर्न सके भविष्यमा आत्मनिर्भर हुने र परिवारको आर्थिक अवस्था बदल्ने सम्भावना पनि छ। तर, त्यही सम्भावनाको ढोकामा अहिले आवास र खानाको अभाव तगारो बनेर उभिएको छ।

यतिबेला श्रवणको संघर्षमा आर्थिक अभावसँगै विश्वासघातको अर्को पीडा पनि जोडिएको छ। लहानका एक व्यक्तिले पढाइमा नाम निकालिदिने आश्वासन दिएर आफूबाट २६ हजार रुपैयाँ लिएको र वर्षौं बितिसक्दा पनि त्यसबाट कुनै उपलब्धि नभएको उनको गुनासो छ। गरिब परिवारका लागि २६ हजार रुपैयाँ ठूलो रकम हो। आमाबुबाले श्रवणको पढाइका लागि केही थान खोरका सुँगुर र बाँसका सामग्री बेचेर तथा केही ऋणसापटी गरेर जुटाएको पैसा यसरी ठगीमा परेको सम्झँदा उनी भावुक हुन्छन्।



शिक्षामा पहुँच खोजिरहेका विपन्न, त्यसमाथि डोम समुदायका विद्यार्थीको बाध्यतालाई अवसर बनाएर आर्थिक शोषण गर्नु अर्को सामाजिक अपराध हो। यस्ता घटनाले गरिब परिवारलाई शिक्षा प्रणालीप्रति निराश बनाउँछन्। यहीबीच उनले पढाइ खर्चको समस्या समाधानका लागि स्थानीय सरकारसँग पनि नियमअनुसार सहयोग मागेका थिए। त्यसका लागि वडा कार्यालय र नगरपालिकाका ढोका धेरैपटक चहारे। आफ्नो पढाइ र बसोबासका लागि सहयोग खोज्दा विभिन्न प्रक्रिया, ऐनकानुन र प्रशासनिक जटिलता देखाएर जनप्रतिनिधि तथा कर्मचारी पन्छिएको उनको गुनासो छ। यो उनका लागि विभेदपूर्ण र तीतो अनुभव बनेको छ।

आखिर, स्थानीय सरकारको बजेट आखिर कसका लागि हो? विपन्न तथा दलित विद्यार्थीको शिक्षामा पहुँच बढाउन बजेट छुट्याइएको छ भने श्रवणजस्ता विद्यार्थीले त्यसको लाभ किन पाउँदैनन? पालिकामा दलित तथा विपन्न विद्यार्थीका लागि कति बजेट विनियोजन हुन्छ, कति खर्च हुन्छ, कुन शीर्षकमा खर्च हुन्छ र वास्तविक लाभग्राही को हुन् भन्ने विषयमा सार्वजनिक लेखापरीक्षण आवश्यक छ।

नेपालको संविधानले श्रवणजस्ता नागरिकलाई केवल दयाको पात्र मानेको छैन, अधिकारसम्पन्न नागरिकका रूपमा स्वीकार गरेको छ। संविधानको धारा २४ ले निजी तथा सार्वजनिक दुवै स्थानमा जातका आधारमा छुवाछूत र भेदभाव गर्न निषेध गरेको छ। धारा ३१ ले शिक्षासम्बन्धी हक सुनिश्चित गरेको छ। अझ महत्वपूर्ण कुरा, धारा ४० को उपधारा (२) ले दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षामा विशेष व्यवस्था गर्ने संवैधानिक प्रतिबद्धता गरेको छ।

त्यसैगरी, जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ ले जातका आधारमा सार्वजनिक तथा निजी स्थानमा गरिने विभेदलाई दण्डनीय अपराध मानेको छ। घरभाडामा नदिने, सार्वजनिक सेवा तथा सुविधाबाट वञ्चित गर्ने र जातीय आधारमा

–बाँकी तीन पेजमा

जातीय विभेदले ...

अपमान वा बहिष्कार गर्ने व्यवहारसमेत कानुनको दायरामा पर्छन् ।

तर, कानुनको इतिहास र सामाजिक व्यवहारबीचको दूरी अझै हटेको छैन। १९१० सालको मुलुकी ऐनले नेपाली समाजलाई जातीय श्रेणीमा विभाजन गर्दै छुवाछूत र सामाजिक असमानतालाई कानुनी मान्यता दिएको थियो। २०२० सालमा नयाँ मुलुकी ऐन जारी भएपछि कानुनी रूपमा जातीय विभेद र छुवाछूत अन्त्य गर्ने बाटो खुलेको थियो। २०४७ सालको संविधानले पनि छुवाछूतलाई दण्डनीय बनायो ।

लोकतान्त्रिक आन्दोलन, दलित आन्दोलन र २०६३ सालको अन्तरिम संविधान हुँदै २०६८ सालमा छुट्टै छुवाछूतविरुद्धको कानुन बन्यो। २०७२ सालको संविधानले यसलाई मौलिक हकका रूपमा स्थापित गर्यो। तर, राज्यका कानुन बदलिए पनि समाजको चेतना र व्यवहारमा अपेक्षित परिवर्तन आउन सकेको छैन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा दलित समुदायको जनसंख्या १३.४ प्रतिशत अर्थात् करिब ३८ लाख ६२ हजार छ। त्यसमध्ये मधेस तथा तराई मूलका दलितको जनसंख्या करिब १३ लाख ९२ हजार अर्थात् ४.८ प्रतिशत छ। जनगणनामा डोम समुदायको जनसंख्या १९ हजार ९०१ उल्लेख गरिएको छ ।

राष्ट्रिय जनसंख्याको तुलनामा सानो देखिने यो समुदाय शिक्षा, रोजगारी, भूमि, आवास र राजनीतिक प्रतिनिधित्वका क्षेत्रमा ऐतिहासिक रूपमा पछाडि पारिएको छ। त्यसैले श्रवणको समस्या एउटा व्यक्तिको निजी गरिबीको कथा मात्र होइन, पुस्तौँदेखि अवसरबाट वञ्चित पारिएको समुदायको संरचनागत समस्याको प्रतिनिधि कथा पनि हो ।

समाजले डोम समुदायलाई परम्परागत पेसा, गरिबी र सामाजिक हैसियतसँग जोडेर हेर्ने दृष्टिकोण अझै त्याग्न सकेको छैन। कुनै व्यक्तिले आफ्नो क्षमता, योग्यता र मिहिनेतबाट पहिचान बनाउन खोज्दा पनि उसको जातीय परिचय पहिले अगाडि सारिन्छ। एउटा विद्यार्थीको प्रतिभाभन्दा उसको थर ठूलो हुने समाजले समानता र लोकतन्त्रको कुरा गर्नु आफैँमा विरोधाभास हो ।

विडम्बना के छ भने, राज्यले दलित समुदायका विद्यार्थीलाई प्राविधिक शिक्षामा विशेष अवसर दिने संवैधानिक प्रतिबद्धता गरेको छ। तर, छात्रवृत्ति पाएपछि पनि बस्ने र खाने व्यवस्था नहुँदा पढाइ छोड्नुपर्ने अवस्था आउनु नीतिगत कार्यान्वयनको कमजोरी हो ।

छात्रवृत्ति भनेको कलेजको शुल्क मिनाहा गर्नु मात्र हुनुहुँदैन। विपन्न विद्यार्थीको वास्तविक अवस्था हेरेर आवास, भोजन, शैक्षिक सामग्री र आवश्यक जीवन निर्वाहको व्यवस्था मिलाउनु पनि राज्यको जिम्मेवारी हो। विशेषगरी पहिलो पुस्तामै उच्च शिक्षा हासिल गर्न खोजिरहेका दलित विद्यार्थीका लागि यस्तो सहयोग अझ आवश्यक छ ।

यतिबेला श्रवणले सहयोगी मन भएका व्यक्ति, सामाजिक संस्था र दाताहरूसमक्ष आफ्नो पढाइ जोगाइदिन अपिल गरेका छन्। उनको तत्कालीन आवश्यकता बर्दिबासमा सुरक्षित कोठा, नियमित खाना र पढाइलाई निरन्तरता दिन सक्ने न्यूनतम आर्थिक सहयोग हो। उनको पढाइ जोगाउनु एउटा विद्यार्थीलाई सहयोग गर्नु मात्र होइन, एउटा परिवारको भविष्य बदल्ने सम्भावनालाई जोगाउनु पनि हो ।

अब प्रश्न श्रवणलाई कसले सहयोग गर्छ भन्ने मात्र होइन, राज्यले आफ्नै संविधानमा लेखेको अधिकार कहिले व्यवहारमा उतार्छ भन्ने पनि हो। मधेसका १३६ पालिका र १ हजार २३७ वडामा दलित विद्यार्थीको शिक्षाका लागि कति बजेट छुट्याइएको छ? कति विद्यार्थीले छात्रवृत्ति पाएका छन? कति विद्यार्थी आवास र खानाको अभावमा पढाइ छोड्न बाध्य भएका छन?

यसको तथ्याङ्क सार्वजनिक गर्न स्थानीय सरकार किन तयार हुँदैनन? दलितका नाममा बजेट छुट्याउने तर वास्तविक दलित विद्यार्थीको जीवनमा त्यसको प्रभाव नदेखिने हो भने त्यस्तो बजेटको औचित्य के रहन्छ? समाजको वास्तविक परिवर्तन तब सुरु हुन्छ, जब कुनै श्रवण मरिक डोमले आफ्नो जात लुकाएर होइन, आफ्नो योग्यता र क्षमताका आधारमा सम्मानपूर्वक पढ्न, बस्न र बाँच्न पाउँछ। जातकै कारण विद्यालयबाट निकालिएको एउटा बालक आज प्राविधिक शिक्षालयसम्म आइपुगेको छ ।

यो आफैँमा मार्मिक र अर्थपूर्ण यात्रा हो। अब फेरि भोक, आवासको अभाव र जातीय विभेदका कारण उसको सपना टुट्न दिनु हुँदैन। उसलाई दया होइन, अधिकार चाहिएको छ। सहानुभूति होइन, अवसर चाहिएको छ। राज्य र समाजले उनको हातमा सहयोगको आधार दिन सके भने भोलि यही श्रवण आफ्नो परिवार र समुदायको भविष्य बदल्ने सक्षम कृषि प्राविधिक बन्न सक्छ। नसके, उनको सम्भावना यहीँ रोकिन सक्छ। त्यसैले श्रवणको पढाइ रोकिँदा एउटा विद्यार्थी मात्र पछि पर्दैन, राज्यले समानताका नाममा गरेको प्रतिबद्धता पनि फेरि एकपटक असफल हुन्छ ।

श्रवण डोमजस्ता विद्यार्थीले ऐतिहासिक विभेदको क्षतिपूर्तिसहित बिनाभेदभाव र बिनासर्त स्वास्थ्य, शिक्षा, रोजगारी र सुरक्षित आवासलगायत आधारभूत आवश्यकता पाउने सुनिश्चितता हुनुपर्छ। उनीहरू अनागरिकसरह व्यवहार भोग्दै एउटा समस्याबाट अर्को समस्यामा भौँतारिनुपर्ने अवस्था अन्त्य हुनुपर्छ। अहिले श्रवणलाई सबैको साथ र सहयोग आवश्यक छ। अनलाइन खबरबाट

छठमा मधेश...

सदरमुकामस्थित हटिया दुर्गा मन्दिरको सुब्बा पोखरी छठ घाट पुगेर सूर्यदेवको पूजा आराधना तथा प्रार्थना गरेका छन्। उनले घाटमा उपस्थित व्रतालु तथा स्थानीय श्रद्धालुसँग भेटघाट गर्दै छठको धार्मिक कार्यक्रममा सहभागिता जनाएका थिए ।

यसपटक छठ पर्वका अवसरमा शीर्ष नेताहरूको मधेश भ्रमणलाई धार्मिक सहभागितासँगै राजनीतिक दृष्टिकोणबाट पनि हेरिएको छ। विशेषगरी रास्वपाका सभापति लामिछानेको जनकपुर भ्रमणलाई पार्टीको मधेश प्रदेशस्तरीय सांगठनिक अवस्थासँग जोडेर विश्लेषण गरिएको छ ।

रास्वपाभित्र मधेशका आठ जिल्लामा संगठन विस्तार र अधिवेशन प्रक्रियालाई लिएर लामो समयदेखि विवाद देखिँदै आएको छ। पर्साबाहेक अन्य जिल्लामा अधिवेशन प्रक्रिया पूरा हुन नसकेको र पालिका तथा जिल्ला तहका समितिमा समेत विवाद उत्पन्न भएको पार्टीभित्रै चर्चा हुँदै आएको छ ।

मधेशको सांगठनिक अवस्था अध्ययन गर्न रास्वपाले सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा 'मधेश अडिट' समिति गठन गरेको थियो। समितिमा प्रमोद न्यौपाने, पुनम अग्रवाल, जगदिश खरेल, सुरेन्द्र चौधरी र अशोक चौधरी सदस्य थिए। समितिले केन्द्रीय समितिमा बुझाएको प्रतिवेदनमा जिल्ला तथा पालिका तहका समितिहरूले पार्टीको विधि र प्रक्रियाअनुसार काम नगरेको निष्कर्ष निकालेको बताइएको छ। सहमतिका आधारमा नयाँ तदर्थ समिति गठन गर्नसमेत समितिले सिफारिस गरेको थियो ।

पार्टीभित्र पुराना र नयाँ सदस्यबीचको मतभेद, संगठनमा जिम्मेवारी बाँडफाँट, स्थानीय तथा प्रदेश तहमा उम्मेदवार बन्ने आकांक्षीको संख्या र नेतृत्वबीचको असमझदारीलाई सांगठनिक समस्याका कारणका रूपमा औँल्याइएको छ। रवि लामिछाने र बालेन शाह पक्षधरबीचको प्रभाव विस्तारको प्रतिस्पर्धाले पनि मधेशको संगठनमा असर पारेको विश्लेषण पार्टीभित्र हुने गरेको छ ।

यही पृष्ठभूमिमा लामिछानेको जनकपुर भ्रमणलाई कतिपयले धार्मिक सहभागिताका साथै पार्टीको सांगठनिक अवस्था बुझ्ने अवसरका रूपमा पनि व्याख्या गरेका छन्। यद्यपि, उनको भ्रमणको मुख्य उद्देश्य धार्मिक कार्यक्रममा सहभागिता रहेको पार्टीका नेताहरूले बताएका छन्।

छठ पर्वले धार्मिक आस्था र सांस्कृतिक एकताको सन्देश दिने भएकाले राजनीतिक दलका शीर्ष नेताहरूको मधेश आगमनलाई स्थानीय स्तरमा पनि चासोका साथ हेरिएको छ ।

छठघाटमै जातीय विभेद, दलित समुदायका लागि छुट्टै घाट र पण्डाल

सप्तरी र रौतहटका विभिन्न स्थानमा दलित समुदाय अलग्गै घाट र पण्डालमा बसेर छठ मनाउन बाध्य, कानुनी व्यवस्था कार्यान्वयनमा प्रश्न



सप्तरी, २९ कार्तिक। समानता, सद्भाव र सामाजिक एकताको सन्देश दिने छठ पर्वमा समेत मधेशका विभिन्न स्थानमा जातीय विभेदका घटना देखिएका छन्। एउटै पोखरी र नदी किनारमा छठ मनाउने क्रममा दलित समुदायका लागि छुट्टै घाट तथा पण्डाल निर्माण गरिएपछि पर्वको सामाजिक सद्भावको सन्देशमाथि प्रश्न उठेको छ ।

सप्तरीको विष्णुपुर गाउँपालिका–५ स्थित दर्पी पोखरीमा गैरदलित समुदायले दक्षिणतर्फ आकर्षक घाट सजाएर छठ मनाइरहँदा पूर्वी छेउमा डोम समुदायका लागि छुट्टै घाट बनाइएको छ। पीपलको रुखनजिक विगत ८–१० वर्षदेखि डोम समुदायका तीन परिवारले छुट्टै घाट बनाएर पर्व मनाउँदै आएका छन्।

स्थानीय बैजनाथ मरिकका अनुसार पहिले जातीय विभेद अझ बढी भए पनि अहिले केही कम भएको छ। तर, गैरदलित समुदायको घाटमा गएर छठ मनाउने वातावरण अझै बनेको छैन। पूजाका सामग्री निर्माण गर्ने दलित समुदायले नै पर्वका बेला विभेद भोग्नुपरेको उनको गुनासो छ ।

सप्तरीकै विष्णुपुर गाउँपालिका–७ स्थित अमृत पोखरीमा पनि राम (चमार) समुदायले लामो समयसम्म छुट्टै घाट बनाएर छठ मनाउनुपरेको थियो। विभेदको विरोध गर्दै युवाहरूले उक्त पोखरीमा छठ मनाउन छाडेपछि उनीहरूले तरबरा र गोसाई पोखरीमा घाट निर्माण गरेका हुन्।

जलकुम्भीले ढाकिएको तरबरा पोखरी सफा गरेर दलित समुदायले आफ्नै प्रयासमा छठघाट निर्माण गरेका थिए। स्थानीय कासिन्द्र रामका अनुसार अहिले तरबरा पोखरीमा १७ र गोसाई पोखरीमा ३२ दलित परिवारले छठ मनाउँदै आएका छन्। उता, विष्णुपुर–७ का वडाध्यक्ष लोचन साहुले भने जातीय विभेद नभएको दाबी गरेका छन्। उनका अनुसार विभिन्न समुदायले आफूलाई पायक पर्ने स्थान रोजेर छठ मनाउँदै आएका हुन्।

सप्तरीमा जस्तै रौतहटको चन्द्रपुर नगरपालिका–५ राजपैडास्थित चाँदी नदी किनारमा पनि दलित समुदायका लागि छुट्टै पण्डाल निर्माण गरिएको छ। चौधरी समुदायको बाक्लो बस्ती रहेको उक्त क्षेत्रमा माझी (मुसहर) र महरा समुदायका करिब ३० घरपरिवार छन्। तीमध्ये केही परिवारले पछिल्ला तीन वर्षदेखि अलग्गै पण्डालमा बसेर छठ मनाउँदै आएका छन्।

६५ वर्षीया भगलीदेवी माझीले वर्षौंदेखि अन्य समुदायसँग एउटै पण्डालमा छठ मनाउँदै आएको भए पनि अहिले छुट्टै पण्डालमा बस्नुपर्दा दुःख लागेको बताइन्। पहिले ठूलो पण्डालभित्र दलित समुदायका लागि छुट्टै कुना छुट्याइने गरेको र त्यस्तो व्यवहारले मन दुखेपछि आफूहरू अलग्गै पण्डाल बनाउन बाध्य भएको स्थानीयको भनाइ छ ।

स्थानीय रामनाथ महराका अनुसार पर्वका बेला अन्य समुदायबाट फरक व्यवहार हुने गरेकाले अलग्गै बस्नुपर्ने अवस्था आएको हो। व्रतालु रामतरियादेवीले पनि एउटै पण्डालमा राखिए पनि कुनामा छुट्याएर राख्ने व्यवहारले चित्त दुखेको बताइन्। तर, राजपैडा छठघाट समितिका अध्यक्ष गणेश चौधरीले भने विभेदको आरोप अस्वीकार गरेका छन्। उनका अनुसार दलित समुदायका केही व्यक्ति आफ्नै इच्छाले अलग्गिएका हुन्। स्थानीय सुनिता महराले भने पहिले एउटै पण्डालमा राखिए पनि कुना छुट्याएर बस्न लगाउने गरिएको भन्दै त्यसप्रति असन्तुष्टि जनाएकी छन् ।

गढीमाई नगरपालिका–९ का डा. रामजी रामले छठ साझा पर्व भए पनि घाट र पण्डालमै जातीय विभेदको अभ्यास कायम रहनु दुःखद् भएको बताए। सरकारले छुट्टाछुट्टै घाट निर्माण नगर्न आग्रह गरे पनि प्रभावकारी अनुगमन हुन नसकेको उनको भनाइ छ। स्थानीय तहले पनि सामाजिक सद्भाव र समान व्यवहार सुनिश्चित गर्न पर्याप्त भूमिका निर्वाह गर्न नसकेको उनले बताए ।

नेपालको संविधानको धारा १८ ले समानताको हक र धारा २४ ले छुवाछुत तथा भेदभावविरुद्धको हक सुनिश्चित गरेको छ। जातीय भेदभाव तथा अन्य छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ ले सार्वजनिक स्थानमा प्रवेश निषेध गर्ने तथा जातका आधारमा विभेदपूर्ण व्यवहार गर्नेलाई दण्डनीय मानेको छ ।

चार दिनसम्म मनाइने छठ पर्वको अन्तिम दिन सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि विधिवत् समापन हुँदैछ। तर, समानता र सद्भावको सन्देश दिने पर्वमै जातीय दूरी कायम रहनुले कानुनी व्यवस्था र सामाजिक व्यवहारबीचको अन्तरलाई उजागर गरेको छ ।

चोरीको मोटरसाइकलसहित तीन पक्राउ

काठमाडौं, २९ कार्तिक। चोरीका मोटरसाइकलसहित तीन जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सिन्धुपाल्चोकको जुगल गाउँपालिका–२ का २१ वर्षीय तेन्जिङ लामा, सोही गाउँपालिका–३ का १९ वर्षीय लाक्पा शेर्पा र सोही गाउँपालिका–३ का समीर तामाङ रहेका छन्।

उनीहरूलाई प्रहरी वृत्त गौशालाको टोलीले पक्राउ गरेको हो। बा ८४ प ५४८४ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई जाँच गर्ने क्रममा शंका लागेर थप सोधपुछ गर्दा उनीहरूले मोटरसाइकल चोरी गरेको खुलेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता दानबहादुर थापाले बताए। पक्राउ परेकाहरुविरुद्ध चोरीको कसुरमा ७ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ ।

लहानको मुसहर बस्तीमा शौचालय र खानेपानीको अभाव



लहान, २९ कार्तिक। सिरहाको लहान नगरपालिका–१५ ढोढना विरनगरस्थित मुसहर बस्तीका स्थानीय आधारभूत सरसफाइ र खानेपानी सुविधाबाट वञ्चित छन्। करिब ३५ घरधुरीको बसोबास रहेको बस्तीमा एउटा घरमा मात्रै निजी शौचालय छ। आर्थिक विपन्नता र बेरोजगारीका कारण अधिकांश परिवार खुला ठाउँमा दिसापिसाब गर्न बाध्य छन्।

स्थानीय कौशलिया सदायका अनुसार दैनिक ज्यालादारीबाट प्राप्त हुने सीमित आम्दानीले परिवारको गुजारा चलाउनै कठिन छ। उनका श्रीमानले दैनिक चारदेखि पाँच सय रुपैयाँ कमाउने गरे पनि नियमित काम नपाउँदा घरखर्च धान्न समस्या हुने गरेको छ। 'पाँच जनाको परिवार छ। एक जनाको कमाइले पेट पाल्नै पुग्दैन, चर्पी कसरी बनाउनु ? शौचालय बनाउने इच्छा भए पनि आर्थिक अवस्थाले साथ दिएको छैन,' उनले भनिन्।

बस्तीमा शौचालयको अभावसँगै खानेपानीको समस्या पनि उत्तिकै गम्भीर छ। करिब ३५ घरधुरीका लागि एउटा मात्रै चापाकल रहेकाले स्थानीयले दैनिक पानीको जोहो गर्न कठिनाइ भोगिरहेका छन्। पर्याप्त पानी नहुँदा व्यक्तिगत सरसफाइ र स्वास्थ्यमा समेत असर परेको स्थानीयको भनाइ छ।

स्थानीय सोनी सदायले खानेपानी, रोजगारी र जग्गाको लालपुर्जा बस्तीका प्रमुख समस्या रहेको बताइन्। आधारभूत आवश्यकता पूरा गर्नै कठिन भइरहेका बेला शौचालय निर्माणका लागि रकम जुटाउन नसकेको उनले बताइन्। 'हामीलाई खानेपानी, रोजगारी र लालपुर्जाको समस्या छ। यस्तो अवस्थामा चर्पी बनाउन पैसा कहाँबाट ल्याउनु ? नगरपालिकाले रिङ, प्यानलगायत सामग्री सहयोग गर्ने कुरा गरिरहेको छ। सामग्री पाए आफ्नै श्रम लगाएर भए पनि चर्पी बनाउँछु,' उनले भनिन्।

शौचालयको अभावले विशेषगरी महिला तथा बालबालिकाको सुरक्षा र गोपनीयतामा समस्या सिर्जना गरेको छ। स्थानीय जिरादेवी सदायका अनुसार खुला ठाउँमा दिसापिसाब गर्न जाँदा सर्प तथा अन्य जनावरको जोखिम रहने गरेको छ। बालबालिकालाई समेत सुरक्षित स्थान खोज्नुपर्ने र बाटोमा कुकुरले लखेद्नेजस्ता समस्या भोग्नुपरेको उनले बताइन्। खुला ठाउँमा दिसापिसाब गर्नुपर्ने बाध्यतासँगै सरसफाइसम्बन्धी समस्या र विभिन्न संक्रमणको जोखिम बढाएको स्थानीयको गुनासो छ। शौचालयको अभावले महिला, बालबालिका र ज्येष्ठ नागरिकको दैनिक जीवनसमेत प्रभावित भएको छ।

यता लहान नगरपालिकाका नगर प्रमुख महेश चौधरीले आर्थिक अवस्था कमजोर भएका विपन्न तथा मुसहर समुदायका परिवारलाई शौचालय निर्माणमा सहयोग गर्दै आएको बताएका छन्। अझै शौचालय निर्माण गर्न नसकेका बस्तीको अवस्था पहिचान गरी आवश्यक सामग्री उपलब्ध गराउने तयारी भइरहेको उनले जानकारी दिए।

नगरपालिकाले शौचालय निर्माणका लागि आवश्यक सामग्री उपलब्ध गराउने र विपन्न परिवारलाई आफ्नै श्रम लगाएर निर्माण गर्न प्रोत्साहित गर्ने योजना बनाएको नगर प्रमुख चौधरीको भनाइ छ। स्थानीय बासिन्दाले पनि शौचालय निर्माण गर्न इच्छुक रहेको तर आर्थिक अभाव र सामग्रीको कमीका कारण समस्या भइरहेको बताएका छन्। उनीहरूले नगरपालिकाबाट रिङ, प्यानलगायत सामग्री उपलब्ध भए आफ्नै श्रमबाट शौचालय निर्माण गर्न सकिने जनाएका छन्।

विरनगरको अवस्थाले स्थानीय तहको सरसफाइ अभियानमा अझै पनि विपन्न समुदायको पहुँच सुनिश्चित हुन नसकेको देखाएको छ। शौचालय निर्माणका लागि सामग्री सहयोगसँगै बस्तीमा पर्याप्त खानेपानीको व्यवस्था, रोजगारीका अवसर र जग्गासम्बन्धी समस्या समाधानमा समेत स्थानीय सरकारले ध्यान दिनुपर्ने देखिन्छ। आधारभूत सुविधाको पहुँच विस्तार हुन सके मात्रै बस्तीका बासिन्दाको स्वास्थ्य, सुरक्षा र जीवनस्तरमा सुधार आउने अपेक्षा गर्न सकिन्छ।

खुकुरी देखाएर टिकटकमा अश्लील भिडियो पोस्ट गर्ने युवक पक्राउ



सिरहा, २९ कार्तिक। घरेलु हतियार खुकुरी देखाउँदै अश्लील तथा डर त्रास फैलाउने अभिव्यक्तिसहित टिकटक भिडियो बनाएर सामाजिक सञ्जालमा पोस्ट गरेको आरोपमा सिरहामा एक युवक पक्राउ परेका छन्। पक्राउ पर्नेमा गोलबजार नगरपालिका–३ निवासी २१ वर्षीय महमद आशिक अन्सारी रहेका छन्। उनलाई इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

प्रहरी निमित्त प्रवक्ता नरेश लिम्बुका अनुसार अन्सारीले घरेलु हतियार खुकुरी प्रदर्शन गर्दै अश्लील भाषायुक्त अभिव्यक्ति र समाजमा आतंक तथा डरत्रास फैलाउने किसिमको सामग्रीसहित टिकटक भिडियो बनाएर सामाजिक शान्ति भंग गर्ने तथा समाजमा डरत्रास फैलाउने गतिविधिमा संलग्न भएको आरोपमा उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाईएको उनले बताए।

यसैबीच, सामाजिक सञ्जालमा अश्लील, डरत्रास फैलाउने तथा हतियार प्रदर्शन गरी धाकधम्की र रंगदारी झल्किने सामग्री पोस्ट गर्ने अन्य व्यक्ति तथा समूहसमेत प्रहरीको निगरानीमा रहेकोले यस्ता गतिविधिमा संलग्न नहुन र सामाजिक सञ्जालको प्रयोग गर्दा सचेत रहन प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ।

त्रिविमा फास्ट ट्र्याकबाट प्राध्यापकको नियुक्ति कसरी हुन्छ ?

काठमाडौं, २९ कार्तिक। त्रिभुवन विश्वविद्यालयमा फास्ट ट्र्याकबाट प्राध्यापकको नियुक्ति प्रक्रिया अगाडि बढेको छ। त्रिवि सेवा आयोगका अनुसार अनुसन्धानको आधारमा लिखित परीक्षा नलिइ प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापक गरी १३० जनाको विज्ञापन २०८२ जेठमा खुलाइएका थियो।

जसमध्ये १०० जना त्रिविको खर्चमा र ३० जना विश्वविद्यालय अनुदान आयोगको खर्चमा हो। तर त्रिविमा पदाधिकारीको नियुक्तमा ढिलाइ र फास्ट ट्र्याकबाट नियुक्त गर्न लागिएको भन्दै विरोध भएपछि प्रक्रिया रोकिएको थियो।

त्रिविका अनुसार फास्ट ट्र्याक पनि खुला प्रतिस्पर्धाबाट नै हुनेछ। पदाधिकारीले पूर्णता पाएसँगै अनुसन्धानको आधारमा प्राध्यापक नियुक्तिको प्रक्रिया अगाडि बढेको हो। 'चार जनाको सिफारिस भइसकेको छ। बाँकीको मूल्याङ्नको काम भइरहेको छ,' त्रिवि सेवा आयोगका कार्यालय प्रमुख विष्णुप्रसाद अर्यालले भने।

विदेशमा रहेका विज्ञलाई ल्याउने उद्देश्यले त्रिविले फास्ट ट्र्याकबाट नियुक्ति गर्न लागेको हो। अनुसन्धानबाट आउँदा लिखित परीक्षा भने दिनुपर्ने छैन। तर पीएचडी, अनुसन्धान र पब्लिकेसन गरेको हुनुपर्छ। राम्रो जर्नलमा रिसर्च प्रकाशित भएको हुनुपर्छ। त्रिविका अनुसार अन्तर्वार्तामा विदेशी विशेषज्ञसमेत राखिएको हुन्छ।

त्रिभुवन विश्वविद्यालय अनुसन्धानात्मक विशिष्टताको आधारमा खुला प्रतियोगिताद्वारा शिक्षकहरूको नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०८२ मा मापदण्ड तोकिएको छ। नियुक्तिको लागि सिफारिस गर्ने आधार २०० पूर्णाङ्कको रहेको छ। जसमा अनुसन्धान तथा कृति प्रकाशनको १५०, शिक्षण सेवाको १०, शोध निर्देशनको २० र अन्तवार्ताको २० अङ्क गरी २०० पूर्णाङ्क राखिएको छ।

आवेदन दिने उम्मेदवारहरूको लागि निर्धारित पूर्णाङ्कमा २०० मा प्राध्यापक पदमा ७० प्रातिशत, सहप्राध्यापक पदमा ६५ प्रतिशत र उपप्राध्यापक पदमा ६० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेका उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस नगरिने त्रिविले जनाएको छ।

त्रिविले २०७३ असोज मा पहिलो पटक ट्रायलस्वरुप ५ जना प्राध्यापक र ५ जना सहप्राध्यापक नियुक्ति गरेको थियो। त्यसैगरी २०७६ पुस मा ५ जना प्राध्यापक र २६ जना सहायक प्राध्यापकलाई फास्ट ट्र्याकबाट नियुक्ति गरिएको थियो।

त्रिवि अधिकारीका अनुसार अनुसन्धानको आधारमा खुला प्रतिस्पर्धाबाट प्राध्यापक नियुक्ति गर्ने प्रक्रिया अन्य देशमा पनि रहेको छ। पीएचडी गरेर विदेशमा बसेका नेपालीलाई स्वदेशकै विश्वविद्यालययमा फर्काउने अवसरको रुपमा त्रिविले लिएको छ।

२२ करोड बराबरको सेतो हेरोइनसहित लागुऔषधका अन्तर्राष्ट्रिय तस्कर पक्राउ

काठमाडौं, २९ कार्तिक। २२ करोड रुपैयाँ बराबरको कोकिनसहित एक व्यक्ति पक्राउ परेका छन्। पक्राउ पर्नेमा भारतको महाराष्ट्रका ५२ वर्षीय रेवाज तिघरी नाम गरेका व्यक्ति रहेको लागुऔषध नियन्त्रण ब्युरोका एसपी तथा प्रवक्ता दुर्गाराज रेग्मीले बताए। हवाई मार्ग हुँदै लागुऔषध ओसारपसार हुनसक्ने भन्दै संकित व्यक्तिहरूको प्रोफाइलिङ गर्ने क्रममा उनी पक्राउ परेको प्रहरीले बताएको छ। २८ कात्तिकमा थाइल्याण्डबाट काठमाडौं आएका उनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ परेका हुन्। उनी यसअघि लाओसबाट २ पटक नेपाल आएको पाइएको छ। पहिलो पटक हवाईमार्गबाट नेपाल आएका उनी दोस्रो पटक भारतबाट स्थलमार्ग हुँदै नेपाल आएको एसपी रेग्मीले बताए। उनले लाओससँगै जिम्बाबे, सुडान, बंगलादेश, भियतनाम, कम्बोडियाको समेत भ्रमण गरिसकेका छन्। उनी लागुऔषध कारोबारीको अन्तर्राष्ट्रिय सञ्जालका मुख्य व्यक्ति रहेको प्रहरीले बताएको छ। उनको साथबाट मेकानिकल इन्जिनियरको प्रमाणपत्र समेत बरामद भएको छ। उनीबाट बरामद भएको सेतो हेराइन साढे पाँच किलोको बजार मूल्य २२ करोड प्रहरीले बताएको छ। बरामद हेरोइनको गन्तव्य भारत रहेको प्रहरी अधिकारीको भनाइ छ।

गोलबजार उद्योग ...

रूपमा पहल गर्ने पनि प्रतिबद्धतापत्रमा उल्लेख छ। यसका अतिरिक्त स्थानीय आँप, तरकारी, फलफूल तथा अन्य उत्पादनको प्रवर्द्धनका लागि मेला तथा प्रदर्शनी आयोजना गर्ने, स्वास्थ्य शिविर र सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा व्यवसायीबीच उत्पन्न विवाद आपसी छलफल र सहमतिबाट समाधान गर्ने योजना समेटिएको छ।

त्यसैगरी, राकेशप्रसाद साह (गुप्ता) प्यानलले पनि बजार व्यवस्थापन, व्यवसायीलाई प्रशासनिक तथा आर्थिक सहजीकरण र संघको संस्थागत विकाससम्बन्धी प्रतिबद्धता सार्वजनिक गरेको छ। गुप्ता प्यानलले आन्तरिक राजस्व कार्यालय र स्थानीय तहसँग समन्वय गरी कर प्रणालीलाई सरल बनाउने तथा संघको कार्यालयमा निःशुल्क कर, भ्याट र लेखा परामर्श डेस्क स्थापना गर्ने जनाएको छ। बजारको सुरक्षा व्यवस्थाका लागि प्रहरी प्रशासनसँग सहकार्य गरी रात्रिकालीन गस्ती बढाउने, मुख्य चोकमा सीसीटीभी क्यामेरा जडान गर्ने र सडकबत्तीको व्यवस्था गर्ने प्रतिबद्धता पनि सार्वजनिक गरिएको छ।

गुद्री बजारलाई व्यवस्थित बनाउने, पार्किङस्थल निर्माण गर्ने तथा बजारमा शुद्ध खानेपानी, शौचालय र फोहोर व्यवस्थापनको व्यवस्था मिलाउने योजना पनि उक्त प्यानलको प्रतिबद्धतापत्रमा समेटिएको छ। बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी सहुलियत ब्याजदरमा कर्जा प्रवाहका लागि पहल गर्ने, व्यवसायिक बीमाको व्यवस्था गर्ने र संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमलाई व्यवसायमुखी बनाउने जनाएको छ।

व्यवसायी तथा उनीहरूका परिवारलाई गम्भीर रोग, दुर्घटना वा विपद्का समयमा आर्थिक सहयोग उपलब्ध गराउन व्यवसायी कल्याणकारी कोष स्थापना गर्ने, व्यवसायीको क्षमता अभिवृद्धिका लागि तालिम तथा उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने र महिला उद्यमशीलतालाई प्रोत्साहन गर्ने योजना पनि गुप्ता प्यानलले अघि सारेको छ। कृषि व्यापार प्रवर्द्धनका लागि शीतभण्डार स्थापना गर्न पहल गर्ने, वार्षिक रूपमा गोलबजार औद्योगिक तथा व्यापार महोत्सव आयोजना गर्ने र धमिनी मन्दिरलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने प्रतिबद्धता पनि सार्वजनिक गरिएको छ।

यसका साथै संघको भवनलाई सुविधासम्पन्न बनाउने, उत्कृष्ट व्यापारी, समाजसेवी, विद्यार्थी तथा खेलाडीलाई सम्मान गर्ने र संघको आय-व्यय प्रत्येक छ महिनामा सार्वजनिक गर्ने योजना गुप्ता प्यानलले प्रस्तुत गरेको छ। दुवै प्यानलका प्रतिबद्धतामा बजार व्यवस्थापन, गाउँब्लक जग्गाको समस्या, व्यवसायीको सुरक्षा तथा धमिनी मन्दिरको विकासजस्ता विषय समान रूपमा समेटिएका छन्। यद्यपि, कर तथा प्रशासनिक सहजीकरण, व्यवसायी कल्याणकारी कोष, शीतभण्डार, शैक्षिक सम्मान र संघको आर्थिक पारदर्शितालगायतका विषयमा प्यानलहरूका आ-आफ्नै प्राथमिकता देखिएका छन्।

निर्वाचनबाट नेतृत्व चयन भएपछि सार्वजनिक प्रतिबद्धताहरू कार्यान्वयनमा कसरी अघि बढ्छन् भन्ने विषय गोलबजारका व्यवसायीका लागि चासोको विषय बनेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)